नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०४-२४ गते बिहान ०७ बजे)**

**आज राती देखि देशैभरका नदीमा बहाव बढ्ने, नारायणी, तिनाउ, पश्चिम राप्ती, बबई, कर्णाली, महाकाली र यसका स-साना सहायक नदी लागयत प्रदेश ५, कर्णाली र सुदुरपश्चिम प्रदेश भई बहने साना नदीमा भोलि बहाव सतर्कता नजिक पुग्न सक्ने ।**

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कोशी, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली, महाकाली नदीमा बहाव बढ्दो क्रममा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : श्रावण-२४ (शनिबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने। **आज कोशी, नारायणी,कर्णालीका केही स-साना सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने ।**
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने । आज कन्काई कमला, बागमती,पश्चिम राप्ती,बबई, तिनाउका केहि स-साना नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाव हुन सक्ने ।
- आज ईलाम, धनकुटा, संखुवासभा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङगा, सिन्धुली, काभ्रेपलान्चोक, काठमाण्डौ उपत्यका, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, लम्जुङ,कास्की, बाग्लुङ, तनहूँ, स्याङजा, रुकुम, रोल्पा, प्यूठान, बाँके, बर्दिया, सुर्खेत, सल्यान, जाजरकोट, दैलेख, कालिकोट, अछाम, डोटी, डडेल्धुरा, बैतडी, दार्चुला र आसपास भई बहने साना नदीमा बहाव बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान रहेको छ ।

### पूर्वानुमान भोलि: श्रावण-२५ (आइतबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- भोली कोशी र यसका सहायक नदीमा बहाव बढ्ने तथा सतर्कता तह भन्दा तलै हुने ।भोलि **नारायणी, कर्णाली ,महाकाली र सहायक नदीमा बहाब बढ्ने र सतर्कता तह भन्दा केहि तल हुने तथा यसका केही साना सहायक नदीमा बहाब सतर्कता आसपास हुने पूर्वानुमान छ ।**
- **भोलि कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाब बढ्ने र सतर्कता आसपास हुने पूर्वानुमान छ । भोलि कन्काई, बागमती,पश्चिम राप्ती, बबईका केही सहायक नदीमा आकस्मिक बहाब (Flash Flood)भई सतर्कता आसपास पुग्न सक्ने ।**
- भोली मेची, विरिङ निन्दा, पुर्वी राप्ती, **रिउखोला, आरूणखोला, तिनाउ, बाणगंगा, मानखोला, डुडुवा, कान्द्रा, मोहना, खुट्टिया, मछेली, स्यउली, चौधर लगायत बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, सुर्खेत, दैलेख भई बहने साना नदीमा बहाव उल्लेख्य बढ्ने र प्रायमा सतर्कता नजिक हुने र केहिमा खतरा पुग्न सक्ने पूर्वानुमान छ ।**
- **भोलि प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५, कर्णाली प्रदेश र कैलाली, कन्चनपुर लगायत सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने केहि स-साना नदीमा बहाव सतर्कता पुग्न सक्ने पूर्वानुमान छ ।**

### पूर्वानुमान पर्सी : श्रावण-२६ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । **पर्सी नारायणी, कर्णाली र महाकालीका सहायक नदीमा बहाब बढ्ने र सतर्कता आसपास नै हुने पुर्वानुमान छ ।**
- **पर्सी कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाब बढ्ने र सतर्कता आसपास हुने पूर्वानुमान छ । पर्सी तिनाउ, पश्चिम राप्ती, बबईका केही सहायक नदीमा आकस्मिक बहाब भई सतर्कता आसपास पुग्ने पूर्वानुमान छ ।**
- पर्सी प्रदेश १, बागमती, गण्डकी प्रदेश, प्रदेश ५, **कर्णाली प्रदेश र कैलाली, कन्चनपुर लगायत सुदूरपश्चिम प्रदेश** को मध्यपहाडी, चुरे र तराई भई बहने स-साना सहायक नदीमा बहाव सतर्कता आसपास पुग्ने पूर्वानुमान छ ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन देशैभरका प्रमुख र मझौला नदीमा बहाव बढ्ने,कोशी,नारायणी, कर्णाली,महाकाली,कन्काई,कमला,बागमती,तिनाउ, पश्चिम राप्ती, बबईका केही सहायक **नदीमा बहाब सतर्कता आसपास नै हुने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा उच्च सतर्कता अपनाउन अनुरोध छ ।**
- **आज कोशी, नारायणी,कर्णालीका केही स-साना सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने पूर्वानुमान रहेकाले साना नदीतटिय क्षेत्रमा सतर्क रहौ । भोलि र पर्सी कर्णालीको सहायक नदी पश्चिम सेती, कैलाली, कन्चनपुर लगायत सुदूरपश्चिम प्रदेशका केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता पुग्ने पुर्वानुमान रहेकाले साना नदीतटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ ।**
- आज आज ईलाम, धनकुटा, संखुवासभा, उदयपुर, भोजपुर, खोटाङ, ओखलढुङगा, सिन्धुली, काभ्रेपलान्चोक, काठमाण्डौ उपत्यका, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, लम्जुङ,कास्की, बाग्लुङ, तनहूँ, स्याङजा, रुकुम, रोल्पा, प्यूठान, बाँके, बर्दिया, सुर्खेत, सल्यान, जाजरकोट, दैलेख, कालिकोट, अछाम, डोटी, डडेल्धुरा, बैतडी, दार्चुला र आसपास भई बहने साना नदीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान रहेकोले उक्त जिल्लाको साना नदीतटिय क्षेत्रमा सतर्कता अपनाऔ ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

नोटः **पहेलो** रङले **मध्यम जोखिम** रहेको संकेत गर्छ । **रातो** रङले **उच्च जोखिमको** संकेत गर्छ ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

जल तथा मौसम विज्ञान विभाग
**मौसम पूर्वानुमान बुलेटिन** (Weather Forecast Bulletin)
(जारी मिति: २०७७-०४-२४, विहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**
मनसुनी न्युन चापीय रेखा हाल नेपालभन्दा दक्षिण तर्फ अवस्थित छ ।

**हालको मौसमको अवस्था (Present Weather Status):**
प्रदेश नं २ मा र प्रदेश नं ५ का केहि भु-भागहरुमा आंशिक बदली रहेको छ भने बांकी भु-भागहरुमा सामान्य देखि पूर्ण बदली रहेको छ। बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५,कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका केही स्थानहरुमा बर्षा भईरहेको छ।


**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**साउन २४ गते (शनिबार)**
**दिउँसो :** देशभर सामान्य बदली रही देशका केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, बागमती प्रदेश,गण्डकी प्रदेश र सुदुरपश्चिम प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।
**राती :** देशका अधिकांश भू-भागमा सामान्य देखि पूर्ण बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश र गण्डकी प्रदेशका थोरै-थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**साउन २५ गते (आईतबार)**
**दिउँसो :** देशभर सामान्य बदली रही देशका केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।
**राती :** देशका अधिकांश भू-भागमा सामान्य देखि पूर्ण बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १, गण्डकी प्रदेश, प्रदेश नं ५ , कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका थोरै स्थानहरु साथै प्रदेश नं २ र बागमती प्रदेश का एक वा दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।
**साउन २६ गते (सोमबार)**
**दिउँसो :** देशभर सामान्य बदली रही देशका केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५,कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।
**राती :** देशका अधिकांश भू-भागमा सामान्य बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश १, गण्डकी प्रदेश, र सुदुर पश्चिम प्रदेशका थोरै स्थानहरु साथै बागमती प्रदेश का एक वा दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**
देशका प्रदेश १, प्रदेश नं २, बागमती प्रदेश, गण्डकी प्रदेश र सुदुर पश्चिम प्रदेशका का थोरै स्थानहरुमा भारी वर्षाको समेत हुनसक्ने देखिएकोले उक्त स्थानहरुका नदीमा पानीको बहाव बढ्ने, पहाडी क्षेत्रमा भू-क्षय हुने, पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुबान समेत हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*




*२४ घण्टाको बर्षाको पूर्वानुमान (६-६ बजे)*

12) *Other Global Flood Forecasts*

13) *Satellite Cloud Picture*

14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।